# देवचुली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:७ संख्या:२

स्थानीय राजपत्रमा प्रकाशित मिति:२०८१/०७/२५

कार्यपालिकाबाट स्वीकृत मिति:२०८१/०५/१३

## भाग २

## देवचुली नगरपालिकाको नगर जनस्वास्थ्य कार्यक्रम सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना**

देवचुली नगरपालिका भित्र बसोबास गर्ने जेष्ठ नागरिकहरुको बढ्दो उमेर संगै विभिन्न रोगका कारण प्रभावित भई आफै स्वास्थ्य संस्था सम्म पुगी स्वास्थ्योपचार लगायतका सेवा लिन नसक्ने अवस्थामा पुगेका नागरिकहरुलाई प्रत्येक ६/६ महिनामा एक पटक घर घरमै पुगी स्वास्थ्य सेवा तथा स्वास्थ्य परामर्श उपलब्ध गराउन र नगरभित्र संक्रमणजन्य रोग (डेंगु, मलेरिया, जापानिज ईन्सेफलाइटिस, स्क्रबटाइफस) संक्रमण रोकथामको लागि स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरि स्वास्थ्य सेवा र सुविधालाइ सरल र सहज बनाउन देवचुली नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम देबचुली नगरपालिकाको नगर जनस्वास्थ्य कार्यक्रम सम्बन्धि कार्यविधि,२०८१ रहेको छ ।

(२) **यो कार्यविधि देवचुली रा**जपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) "स्वास्थ्य संस्था" भन्नाले देवचुली नगरपालिका क्षेत्रका स्वास्थ्य संस्थाहरु संझनु पर्नेछ ।

(२) "नगर जनस्वास्थ्य कार्यक्रम" भन्नाले नगर भित्र रहेका सामाजिक सुरक्षा भत्ता खान पाउने उमेर समूहका नगरवासी वा ६८ वर्ष उमेर पुरा भएका यस नगरपालिका क्षेत्रमा स्थायी रुपले वसोवास गरेका जेष्ठ नागरिकहरु र डेंगु,मलेरिया,जापानिज ईन्सेफलाइटिस जस्ता कीटजन्य रोगहरुबाट नागरिकहरुको स्वास्थ्य सुरक्षा गर्ने कार्यलाई सम्झनु पर्नेछ ।

## परिच्छेद-२

**३.कार्यक्रमका लक्ष्य / उद्देश्य** यस कार्यक्रमको लक्ष्य/उद्देश्य देहाए बमोजिम रहेको छ ।

(१) देवचुली नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने ६८ वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको घरघरमा नै गई विद्यामान स्वास्थ्य अवस्था (उच्च रक्तचाप, मधुमेह तथा विशिष्ट जांचको) आवश्यक पर्ने नपर्ने पत्ता लगाउने ।

(२) जटिल स्वास्थ्य समस्या देखिन आएमा उपचारको लागि सम्पर्क राख्नुपर्ने स्वास्थ्य संस्थाको वारेमा आवश्यक परामर्श दिने ।

(३) सम्वन्धित शाखाबाट जेष्ठ नागरिकहरुको तथ्याङक लिइ स्वास्थ्य सेवा उपलव्ध गराउनु पर्ने संख्या एकिन गर्ने ।

(४) स्वास्थ्य सेवा तथा परामर्शका लागि आवश्यक पर्ने स्वास्थ्य उपकरणहरुको व्यवस्था गर्ने ।

(५) स्वास्थ्य सेवा उपलव्ध गराउनु पर्ने जेष्ठ नागरिकहरुको सख्याको आधारमा स्वास्थ्यकर्मी परिचालन गरी अत्याबश्यक औषधिहरु,सुगर परिक्षण किट,अन्य आबश्यक सामाग्रीहरु जस्तै BP SET,OXYMETER, THERMOMETER आदि सहित वर्षको २ पटक घरघरमा नै स्वास्थ्य परीक्षण गर्ने ।

(६) नगर भित्र डेंगु,मलेरिया,जापानिज ईन्सेफलाइटिस,स्क्रबटाइफस जस्ता कीटजन्य

रोगहरुको महामारी हुन नदिन १७ वटै वडामा रहेको टोलविकास सस्थाका प्रतिनिधिहरुलाई अभिमुखीकरण गरि हरेक हप्ता सरसफाई कार्यक्रम संचालन गर्ने व्यवस्थापन गर्ने ।

(७) वडामा रहेका टोलविकास सस्थालाई सरसफाईको लागि आबश्यक सहयोग उपलब्ध गराउने ।

## परिच्छेद-३

४. **घर घरमा स्वास्थ्य सेवा :** यस कार्यविधिको प्रयोजनका लागि तोकिएका उमेर समूहका अति विपन्न नगरवासीहरु स्थानीय स्वास्थ्य संस्थामा गइ उपचार गराउनका लागि विविध कारणले नसक्ने अवस्थाका जेष्ठ नागरिकहरुलाई नगरपालिका क्षेत्रका स्वास्थ्यकर्मीहरुले वार्षिक २ पटक वा ६/६ महिनाको एक पटक जेष्ठ नागरिकहरुकै घरमा गइ स्वास्थ्योपचार तथा परामर्श सेवा उपलव्ध गराईनेछ ।

५. **उपचार तथा औषधि व्यवस्था :** यस कार्यविधि अनुसार घरमा गइ स्वास्थ्य परीक्षण गराउदा नेपाल सरकारले निःशुल्क उपलव्ध गराउने गरी तोकेको औषधिहरु घर दैलोमा नै र स्वास्थ्य परीक्षणका वखत जेष्ठ नागरिकहरुलाइ तत्काल आवश्यक पर्ने अन्य औषधि प्रेश्कृप्शनमा उल्लेख गरी आवश्यक परामर्श दिइनेछ ।

६. यसरी जेष्ठ नागरिकहरुको घर दैलो कार्यक्रममा रहेका वखत कुनै घरमा कुनै दीर्घरोगी विरामीहरु समेत भेटिएको अवस्थामा त्यस्ता विरामीको अनुरोधमा स्वास्थ्यकर्मीहरुबाट तत्सम्वन्धी राय परामर्श लिन सकिनेछ ।

७.स्वास्थ्य शाखाले नगरभित्र कीटजन्य सरुवा रोगहरु जस्तै डेंगु,मलेरिया,जापानिज ईन्सेफलाइटिस जस्ता लामखुट्टेको टोकाईबाट सर्ने संक्रामक रोगहरुको महामारी फैलनबाट रोक्न नगरको हरेक टोल टोलमा बर्षको १ पटक प्रतिनिधिमुलक रुपमा अभिमुखीकरण संचालन गरि सरसफाईको साथमा लामखुट्टेको लार्भा खोज र नस्ट गर अभियान संचालन गरिनेछ ।

८.नगर भित्रका सबै सामुदायिक र सस्थागत बिद्यालयहरुमा स्वास्थ्य शाखा र सम्बन्धित वडाका स्वास्थ्य सस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुले डेंगु,मलेरिया,जापानिज ईन्सेफलाइटिस जस्ता लामखुट्टेको टोकाईबाट सर्ने संक्रामक रोगहरुको महामारी फैलनबाट रोक्न सो सम्बन्धि बिद्यालय स्वास्थ्य शिक्षा संचालन गरिनेछ ।

नेपाली नगरपालिका राजपत्र

## परिच्छेद-४

**९. बजेट व्यवस्था :**

देवचुली नगरपालिकाको लागि चालु आ.व. २०८१/०८१ मा नगर जनस्वास्थ्य कार्यक्रममा विनियोजित रकमले नगरकै मौजुदा स्वास्थ्यकर्मीहरुबाट जेष्ठ नागरिक घरदैलो स्वास्थ्य परिक्षण र डेंगु,मलेरिया,जापानिज ईन्सेफलाइटिस रोगको महामारी हुन नदिन लामखुट्टेको लार्भा खोज र नस्ट गर अभियान सम्बन्धित वडाको वडा अध्यक्ष र जनप्रतिनिधिहरु तथा स्वास्थ्यकर्मीहरुको सहभागितामा उक्त कार्यक्रम संचालन गर्न कार्यविधि अनुसार कार्ययोजना स्वीकृत गरि  कार्यान्वयन गर्न आबश्यक बजेटको व्यवस्था गरिएको छ । अधिकांश जेष्ठ नागरिकहरुको आकांक्ष्य अनुसार यस कार्यक्रम संचालनमा ल्याइएकोले संचालित कार्यक्रम प्रभावकारी देखिएकोमा यस आ.व.मा समेत यस कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

**१०. जनशक्ति व्यवस्थापन :**

यस कार्यक्रम संचालनका लागि जेष्ठ नागरिकको घर दैलो स्वास्थ्य परिक्षणको हकमा नगरपालिका क्षेत्रमा रहेका मौजुदा स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्यसंस्थाको सेवा प्रवाहलाइ वाधा नपर्ने गरी स्वास्थ्यकर्मीहरुलाइ उक्त कार्य संचालन गर्न लगाईने छ । यसरी स्वास्थ्य परीक्षण गरेवापत मासिक थप प्रोत्साहन भत्ता वा दैनिक यातायात खर्च उपलब्ध गराइ घर घरमा नै गइ कार्यक्रम संचालनमा ल्याइने छ  तथा डेंगु,मलेरिया,जापानिज ईन्सेफलाइटिस जस्ता लामखुट्टेको टोकाईबाट सर्ने संक्रामक रोगहरुको महामारी फैलनबाट रोक्न नगरको हरेक टोल टोलमा सरसफाईको साथमा लामखुट्टेको लार्भा खोज र नस्ट गर अभियान वडा अध्यक्ष सहित जनप्रतिनिधिहरु,स्वास्थ्यकर्मीहरुको रोहबरमा संचालन गरिनेछ ।

## परिच्छेद- ५

### विविध

**११.अभिलेख, अनुगमन  तथा प्रतिवेदन :**

(१) प्रत्येक स्वास्थ्यसंस्थाबाट खटिइएका स्वास्थ्यकर्मीहरुले यस कार्यविधि बमोजिम घरघरमा गइ  गरिएको उपचार तथा स्वास्थ्य परामर्श सम्वन्धी विषयमा भए गरेका कार्यहरुको अभिलेख राखी  जेष्ठ नगरिकहरुको विवरण अनुसूचि - १ बमोजिम, जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण रजिष्टर अनुसचि-२ बमोजिम र मासिक प्रगति प्रतिवेदन अनुसूचि-३ मा उल्लेख भए अनुसार देवचुली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रत्येक पटकको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपदफा १ बमोजिम प्राप्त प्रतिवेदन उपर आबश्यकता अनुसार नगर कार्यपालिकाको बैठकमा छलफलका लागि प्रस्तुत गर्नुपर्नेछ ।

(३) डेंगु,मलेरिया,जापानिज ईन्सेफलाइटिस जस्ता लामखुट्टेको टोकाईबाट सर्ने संक्रामक रोगहरुको नियन्त्रण गर्न हरेक टोल टोलमा सरसफाईको साथमा लामखुट्टेको लार्भा खोज र नस्ट गर अभियान संचालन गरेको दिनको फोटो सहितको प्रतिबेदन सम्बन्धित वडाको स्वास्थ्य सस्थाले नगरपालिका स्वास्थ्य शाखालाई गराउनेछ ।

(४) यस कार्यविधि अनुसार संचालनमा आएको कार्यक्रममा गर्नुपर्ने सुधारहरुका सम्वन्धमा नगर प्रमुखको संयोजकत्वमा सम्वन्धित वडा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत समेत रहेका तीन सदस्यीय एक अनुगमन समितिबाट स्थलगत अनुगमन गरी तत्काल शंसोधन गर्नुपर्ने कुराहरुका बारेमा थप परामर्श दिन सकिनेछ ।

१२. **बाधा अडकाउ फुकाउने :** यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा अडकाउ आइपरेमा नगर कार्यपालिकाले वाधा अडकाउ फुकाउने छ ।

देवचुली नगरपालिका

# अनुसूची १

दफा ११ उप-दफा १ संग सम्बन्धित

जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्ड

<table>
<tr><td>१</td><td>व्यक्तिगत विवरण :<br>जेष्ठ नागरिकको नाम उमेर लिङ्ग/<br>जातिगत विवरण नागरिकता नं .<br>पारिवारिक सदस्य संख्याः- जेष्ठ नागरिकको संख्याः सम्पर्क नं .</td></tr>
<tr><td>२</td><td>स्थायी ठेगाना<br>देवचुली नगरपालिका वडा नं ................................................... टोल ..................</td></tr>
<tr><td>३</td><td>बिरामीको प्रकार ..................</td></tr>
<tr><td>४</td><td>हालको स्वास्थ्य अवस्था<br>रक्तचाप ..................रगतमा चिनीको मात्रा............ तापक्रमअक्सिजनको ............. .............मात्रा</td></tr>
<tr><td>५</td><td>आवस्यक सिफारिस गरिएका औषधिको विवरण
<table>
<tr><td>क्र.सं.</td><td>औषधिको नाम</td><td>मात्रा</td><td>दैनिक आवस्यक</td><td>कैफियत</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>६</td><td>स्वास्थ्य परिक्षण गर्ने स्वास्थ्यकर्मीको<br>नाम-:<br>पद -:<br>मिति-:<br>दस्तखत-:</td></tr>
</table>

**फलोअप विवरण**

| मिति | |
|---|---|
| | रक्तचाप.................... रगतमा चिनीको मात्रा .............अक्सिजनको मात्रा...............तापक्रम..................<br>अन्य विवरण |

देवचुली नगरपालिका राजपत्र

## अनुसूची २

दफा ११ उप-दफा १ संग सम्बन्धित

जेस्ठ नागरिक स्वास्थ्य सेवा रजिस्टर

**मिति**

<table>
<tr><td>१</td><td>व्यक्तिगत विवरण :<br>जेष्ठ नागरिकको नाम उमेर लिङ्ग/<br>जातिगत विवरण नागरिकता नं .<br>पारिवारिक सदस्य संख्या जेष्ठ नागरिकको संख्या सम्पर्क नं .<br>स्थायी ठेगाना ............................-:टोल................... -:देवचुली नगरपालिका वडा नं -:</td></tr>
<tr><td>२</td><td>बिरामीको प्रकार .................</td></tr>
<tr><td>३</td><td>हालको स्वास्थ्य अवस्था<br>रक्तचाप ..................रगतमा चिनीको मात्रा........... तापक्रम अक्सिजनको.............<br>..............मात्रा</td></tr>
<tr><td>४</td><td>आवस्यक सिफारिस गरिएका औषधिको विवरण
<table>
<tr><th>क्र.सं.</th><th>औषधिको नाम</th><th>मात्रा</th><th>दैनिक आवस्यक</th><th>कैफियत</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>५</td><td>परिक्षण गर्ने स्वास्थ्यकर्मीको नाम दर्जा................................................<br>दस्तखत......................</td></tr>
</table>

देवचुली नगरपालिका राजपत्र

**अनुसूची ३**

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवपरासी (ब.सु.पू) ।
..........,आधारभुत स्वास्थ्य सेवा केन्द्र/स्वास्थ्य चौकी/अस्पताल
गण्डकी प्रदेश नेपाल ।

आ.व

च.नं.                                                                                  मितिः-

श्री देवचुली नगरपालिका

स्वास्थ्य शाखा प्रगतिनगर नवलपरासी (ब.सु.पु.) ।

बिषय :-२०८१/.......महिनामा जेष्ठ नागरिक नियमित स्वास्थ्य परिक्षण प्रगति प्रतिवेदन |

| क.सं. | वडा नं | परिक्षण गरिएका | | | प्रेषण गरिएका | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **जम्मा** | | | | | | | | |

स्वास्थ्यकर्मीको सहभागिता सम्बन्धि विवरण

| क.सं. | स्वास्थ्यकर्मीको नाम | दर्जा | परिक्षण गरिएका | | | प्रेषण गरिएका | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार पार्ने                                                                                  प्रमाणित गर्ने

आज्ञाले

मुकुन्द्र शर्मा

प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र